### ४. कत्ले किरा (Scale Insect)

मसिना, गोला तथा चेप्टा राता खैरा रंगका यी किराहरू मैनाको ढकनीले ढाकिएर रहने र बोटको हाँगा, मुना, फल सबै भागमा चुसी नोक्सान गर्छन् । किरा नियन्त्रण गर्न कृषि सर्भो तेल १० मिलि प्रति लिटर पानीमा मिसाएर प्रयोग गर्ने र रोगर १.५ मिलिको झोल पनि छर्ने । किरा लागेका हाँगा, पात र फलहरू जम्मा गरि जलाउने ।



## मुख्य मुख्य रोगहरू र तिनको रोकथाम

### १. ग्रिनिंग रोग



नेपालमा सुन्तलाको बगैचा सखाप पार्ने यो रोग ब्याक्टेरियाले गर्दा हुन्छ । यो रोग सिट्रस सिल्ला किराले रोगि बोटबाट रस चुसी निरोगी बोटमा सार्छ । रोगको लक्षण पातमा हरिया पहेंला टाटाहरू देखिने, पातहरू साना हुने तथा ठाडा भइरहने, बेमौसममा असामान्य पात र फलहरू लाग्ने र धेरै झर्ने हुन्छन् । माथि भने अनुसार सिट्रस सिल्ला किरा नियन्त्रण गर्ने र १००० मिटर भन्दा माथिका नर्सरीबाट मात्र गुणस्तरीय बिरूवाहरू प्रयोग गर्ने । रोगी बोटहरू तत्काल काटी जलाउने र यस्तो ठाउँमा नयाँ बगैचाहरू कम्तिमा दुई बर्ष सम्म नबनाउने ।

### २. फेद तथा जरा कुहिने रोग



पानी जम्ने बगैचाहरूमा ढुसिले गर्दा यो रोग लाग्दछ । जमिनको सतह वरिपरि देखि ६० सेमी माथि सम्म फेदको भाग कुहिन्छ । शुरुमा पानीले भिजेका जस्ता खैरा दागहरू बोक्रामा देखिन्छन् र पछि घाउ बनि त्यहाँबाट गम जस्तो चोप निस्कन्छ । नियन्त्रणको लागि पानी नजम्ने स्थानमा तिनपाते वा सिट्रेन्जको रूटस्टकमा कलमी गरेको बिरूवा लगाउने । हरेक हिउँदमा बोटको आधा मिटर फेदमा बोर्डो पेष्ट लगाउने । रोग लागि सकेको बोटको फेदमा बेसिन बनाएर १% बोर्डो मिक्सर वा कपर अक्सिक्लोराइड ४ ग्रा. प्रति लिटरले १० लिटर बिषादी प्रयोग गर्ने ।

### ३. खराने रोग (Powdery mildew)



बर्षातको मौसममा बढी तापक्रम हुँदा कलिला पात र हाँगाहरूमा सेतो खरानी जस्तो ढुसी देखा पर्छ । संक्रमित पातहरू बटारिने र बढी भएमा झर्ने गर्छ । कलिला हाँगाहरू ओइलाउने र टुप्पोबाट मर्ने तथा फलमा ढुसी देखिएमा नपाक्दै झर्ने हुन्छ । रोगको लक्षण देख्ने बितिक्कै सल्फेक्स वा इन्फास २.५ ग्राम वा १ एम एल. प्रति लिटर पानीमा मिसाएर १५ दिनको फरकमा जेष्ठ देखि श्रावण सम्म छर्ने ।

### ४. खटिरे रोग (Citrus canker)

बर्षाको मौसममा पातको तल्लो भागमा सानो गोलाकार पानीले भिजेको भाग देखिन्छ । यी थोप्लाहरू पछी बढेर बिचमा फुटि खस्रा र कडा हुँदै खैरो कालो खटिरामा बदलिन्छन् । यसको कारण पातहरू झर्ने, कलिला हाँगाहरू सुकेर जाने, फलको गुणस्तर नहुने हुन्छ । रोग लाग्न नदिन फागुन, जेष्ठ र असार मा एक एक पटक १% बोर्डो मिश्रण छर्ने । रोग लागिसकेको अवस्थामा कासुगामाइसिन १.५ मिलि वा कपर अक्सिक्लोराईड ०.३ प्रति लिटरको दरले छर्ने । पात खन्ने किराले पनि यो रोगको संक्रमण बढाउने हुनाले उक्त किराको नियन्त्रण गर्ने ।



### उत्पादन तथा भण्डारण

प्रति हेक्टर १२ टनको हाराहारी उत्पादन हुने यो जात उच्च घनत्वमा खेती गर्दा किसानको बगैंचामा १५ टन/हेक्टर सम्म फलेको पाईएको छ । यस जातको फललाई ७५% पहेलो हुँदा टिपेर शीत भण्डारण घरमा ८-१२ डिग्री सेन्ट्रीग्रेड र ८५% आद्रता राखी भण्डारण गर्दा दुई महिना सम्म भण्डारण गर्न सकिन्छ ।

**थप जानकारीको लागि**

**राष्ट्रिय सुन्तलाजात अनुसन्धान कार्यक्रम**
पारिपात्ले, धनकुटा
फोन नं.: ०२६-५२२०५५
इमेलः ncrpdhankuta@gmail.com
वेभसाइटः www.ncrpdhankuta.narc.gov.np

NPSN: 096/079/80

# उन्सु सुन्तलाको जात पारिपात्ले अगौटे-१ को उन्नत खेती प्रविधी




**लेखक**
**डा. उमेश आचार्य**
संयोजक तथा वरिष्ठ वैज्ञानिक

नेपाल सरकार
नेपाल कृषि अनुसन्धान परिषद्
राष्ट्रिय सुन्तलाजात अनुसन्धान कार्यक्रम
पारिपात्ले, धनकुटा
२०८०

## परिचय

नेपालमा खेती हुने मुख्य सुन्तला बालीको फल पुस माघ महिना तिर पाक्छ तर दशैँ तिहार तिर विदेशबाट फलफूल आयात गर्नु पर्ने स्थिती हुन्छ । यहि अवस्थालाई मध्य नजर गरि राष्ट्रिय सुन्तलाजात अनुसन्धान कार्यक्रम, धनकुटाले १५ बर्ष भन्दा लामो अवधि सम्म अनुसन्धान गरि अगौटे सुन्तलाको जात पारिपात्ले अगौटे-१ (ओकिचुवासे) पुर्व देखि पश्चिम सम्मका मध्य पहाडमा खेती गर्न सिफारिस गरेको छ ।

## पारिपात्ले अगौटे-१ को चारीत्रिक गुण

यो जातको बोट मध्यम आकारको फैलिने प्रकृतिको हुन्छ । कलमी गरेको १५ बर्ष जतिको बोट १.३ मिटर जतिको हुन्छ । यस बोटमा सेतो रङ्को फुल फागुनको अन्तिम साता तिर फूल्छ । चम्किलो सुनौलो रंगका फलहरू औषतमा १३६ ग्राम सम्मका हुन्छन् । बीउ रहित १०-१२ केस्रा हुने फल भदौ देखि असोज महिनामा खान तयार हुन्छ । फल ९% सम्म गुलियो तथा ०.९% सम्म अमिलो हुन्छ ।



## हावापानी तथा माटो

यो जातको व्यावसायिक खेती समुन्द्र सतहबाट ८०० देखि १४०० मिटरको उचाई सम्म गर्नु उपयुक्त हुन्छ । तापक्रम ५ देखि ३५ डिग्री सम्म भएको तुसारो नपर्ने क्षेत्र यस जातको खेतीको लागी राम्रो हुन्छ । एक देखि डेढ मिटर सम्म गहिराई भएको दोमट माटोमा यसको खेती गर्नु उत्तम हुन्छ । पी एच ५.५-६.५ सम्म भएको, हिउँदमा सिंचाई सुविधा भएको र वर्षामा पानी नजम्ने माटो राम्रो मानिन्छ ।

## बिरूवा प्रसारण

बिजु बिरूवा भन्दा कलमी बिरूवा प्रयोग गर्नु उत्तम हुन्छ । तिनपाते, सिट्रेन्ज आदि रूटस्टकमा स्पलाइस वा भिनियर तरिकाबाट पुस-माघ महिनामा वा जेष्ठ-साउनको महिनामा कलमी गरि बिरूवा उत्पादन गरिन्छ ।

## बिरूवा रोपाई

बिरूवाहरूलाई समथर जमिनमा बर्गाकार र भिरालोमा गरा कान्ला बनाई कन्टुर तरिकाबाट रोपण गरिन्छ । सुन्तलाको बोट ३ मिटर लाइन देखि लाईन र ३ मिटर बोट देखि बोटको दुरीमा रोप्नु पर्छ । तल तालिकामा दिए अनुसारको सिफारिस प्रति बोट प्रति बर्ष मलखादको मात्रा फल टिपे पछी हिउँद महिनामा हाल्नु पर्छ । दश बर्ष भन्दा पुराना बोटहरूलाई दश बर्ष अनुसारकै मात्रा प्रयोग गर्नु पर्छ । यस बाहेक चैत्र र असार/साउन महिनामा गरि दुई पटक सुक्ष्म खाध्यतत्वको झोल पातमा छर्कनु पर्छ ।

### मलखाद तालिका (प्रति बोट प्रति बर्ष)

| बर्ष | गोठेमल (किलो) | रसायनिक मलको किसिम | | |
|---|---|---|---|---|
| | | युरिया (ग्रा) | डिएपी (ग्रा) | एमओपी (ग्रा) |
| १ | १० | ८८ | ५२ | ५८ |
| २ | २० | १७७ | १०४ | ११७ |
| ३ | ३० | २६५ | १५६ | १७५ |
| ४ | ४० | ३५३ | २०८ | २३३ |
| ५ | ५० | ४४२ | २६० | २९२ |
| ६ | ६० | ५३० | ३१३ | ३५० |
| ७ | ७० | ६१८ | ३६५ | ४०८ |
| ८ | ८० | ७०७ | ४१७ | ४६७ |
| ९ | ९० | ७९५ | ४६९ | ५२५ |
| १० | १०० | ८८३ | ५२१ | ५८३ |

## सिंचाई

माटोमा भएको चिस्यानको अवस्था हेरि गर्मी महिनामा ७-१० दिन र जाडो महिनामा १५ दिनको फरकमा सिंचाई दिनु आवश्यक हुन्छ । पानी अभाव हुने स्थानमा जैविक वा प्लाष्टिकको छापो दिएर पनि सिंचाईको मात्रा कम गर्न सकिन्छ । थोपा सिंचाई जडान गरेर पनि खेती गर्न सकिन्छ ।

## काँटछाँट

सुन्तलाका बोटहरूलाई १ मिटरको उचाई सम्म हुर्काएर ५०-६० से.मि.मा काटी बराबर दुरीमा ३-४ वटा बाहिर तिर फर्केका हाँगाहरू राखी बढ्न दिनुपर्छ । त्यस पछी हरेक बर्ष रोग लागेका, सुकेका तथा चोर हाँगाहरू मात्र फल टिपे पछी हटाउनु राम्रो हुन्छ ।

## अन्तरबाली

बिरूवा रोपेको ३-४ बर्ष सम्म लहरा नजाने कोशे तरकारी बालीहरू, प्याज, लसुन, रायो आदी खेती गर्न सकिन्छ । बहु बर्षे र धेरै खाद्य तत्व लिने बालीहरू (मकै, कोदो, गहुँ) लगाउनु हुदैन ।

## मुख्य मुख्य किराहरू र तिनको रोकथाम


### १.फल कुहाउने औंसा (Bactrocera minax)

चाइनिज फ्रुट फ्लाई किराले जेष्ठको दोश्रो साता देखि साउन सम्म कलिला फलहरूमा फुल पारे पछि औँसाहरू फल भित्र हुर्कि असोज-कार्तिकको महिनामा फल झार्न थाल्छन् । यसलाई नियन्त्रण गर्न जेष्ठ देखि साउनको महिनामा प्रोटिन युक्त चारो हप्ताका एक पटक पातको तल्लो भागमा प्रति तीन बोट मध्य एक बोटमा छर्नु पर्छ । एक लिटर प्रोटिन चारोमा दुई लिटर पानी मिसाई तयार गरेको विषादी छर्दा ५० वर्ग सेमी भागमा मात्र पर्ने गरि छर्नु पर्छ । यो भनेको करिब १७ मिलि लिटर प्रति बोट हो ।



### २. पात खन्ने किरा (Leaf minor)

नया पालुवा र मसिना बिरूवाहरूमा यस किराको लाम्रे हरूले पातहरूमा सुरूंग बनाएर हरितकण खाई पातहरू गुजुमुजु गरि बोटको बिकासमा असर गर्दछन् । यसलाई रोकथाम गर्न डेल्फीन वा बेन्सिप बिषादी १-२ मिलि प्रति लिटर पानिमा मिसाई १५ दिनको अन्तरमा रोकथाम नभए सम्म छर्कने ।



### ३. सिट्रस सिल्ला किरा (Citrus psylla)

यस किराको वयस्क र लार्भाले झुण्ड बनाई बोटको कलिला भागहरू (पात, मुना, फूल) बाट रस चुसी हाँगा र पातहरू सुकाउने तथा फल नलाग्ने बनाउछन् । यस किराको कारण ग्रिनिंग रोग तथा कालो ढुसी पनि लाग्दछ । रोकथामको लागि यस किराको वैकल्पिक बासस्थान कामिनी फुल, बेल तथा करीपत्ताका बोटहरू हटाउने । बगैचा भित्र अम्बाका बोटहरू लगाउने । किरा नियन्त्रण गर्न बिषादी जस्तैः इमिडाक्लोप्रिड आदि प्रयोग गर्ने ।

